२०७२।१२।१।३० गते

१६६. श्री नन्द बहादुर के.सी. स.ले.प. टी.न.पा. कार्यालय
१६८. श्री अमृता रावल सूचना - सहायक " "
१६८. श्री मगत राम चौधरी क.स. टी.न.पा. कार्यालय
१६९ श्री कविराज लामीछाने वडा नं. मध्य सदस्य वार्ड नं. ६
१६०. [illegible]
१६०. श्री यम नारायण पोखरेल राष्ट्रिय जनमोर्चा
१६१ श्री नरजङ शाही टी.नं.पा. कार्यालय
१६२ श्री [illegible] टी.नं.पा. "

टीकापुर नगरपालिकाको आ.व. २०७२/७३ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाइको बहिर्गमन अभिमतको नतिजा

टीकापुर नगरपालिकाको आर्थिक वर्ष २०७२/७३ को विकास योजना र सेवा प्रवाहका बारेमा २०७२ फागुन ३० गते भएको सार्वजनिक सुनुवाईका बहिर्गमन अभिमतको संक्षिप्त विवरण यसप्रकार रहेको छ।

टीकापुर नगरपालिकाबाट सेवा लिएर फर्किएका ५० जना सेवाग्राहीको मत संकलन गरिएको थियो। जसमा ४४ जना पुरुष र ६ जना महिला थिए। उनीहरु शिक्षाको हिसाबले ५ जना निरक्षर, १४ जना साक्षर, ११ जना एसएलसी, ९ जना प्लस टु, ९ जना स्नातक र २ जना स्नात्तकोत्तर थिए। जातीय हिसाबले हेर्दा ६ जना दलित, १६ जना जनजाति र २८ जना वाहुन, क्षेत्री थिए। उमेरका हिसाबले १८ वर्ष मूकि १ जना, १९देखि ४० वर्षका ३४ जना, ४१देखि ६० वर्षका १२ जना र ६१ वर्षमाथिका ३ जना थिए।

उनीहरु निम्नानुसारको सेवा लिन आएका थिए।

क.	सिफारिस लिन/पुऱ्याउन	-	१३ जना
ख.	दर्ता नवीकरण गर्न	-	८
ग.	योजना माग गर्न	-	१
घ.	अन्तिम भुक्तानी लिन	-	१
ङ.	सूचनामूलक सामग्री प्राप्त गर्न	-	३
च.	कर बुझाउन	-	९
छ.	चारकिल्ला प्रमाणीत	-	७
ज.	अन्य	-	८

नगरपालिकाले प्रदान गर्ने सेवाप्रति नागरिकको सन्तुष्टि

क्र.स.	प्रश्न	सूचक १	सूचक २	सूचक ३
१	सेवा लिन कोसंग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?	अति स्पष्ट-१५	ठीकै-३३	अस्पष्ट- २
२	कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझेजस्तो लाग्छ ?	अति धेरै-९	ठीकै-२९	थोरै-१२

	व्यवहार गरे ?	मैत्रीपूर्ण-२०		
४	सेवा प्राप्त गर्न आवश्यक सूचनाबारे तपाईलाई कर्मचारीले स्पष्ट पारे ?	अति स्पष्ट गरिदिए-१५	ठीकै-२७	अलमल हुनेगरी सूचना दिए-८
५	तपाईले राख्नु भएका समस्यालाई के कस्तो समाधान *दिए* ?	अति सजिलो तरिकाबाट समाधान दिए-२०	ठीकै-२५	समाधान दिनु सकेनन-५
६	सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ?	अति सजिलो-१२	ठीकै-२५	लामो र झंझटिलो १३
	नतिजा	९१	१६६	४३
	अघिल्लो वर्षको नतिजा	१००	१६४	३६

विश्लेषण : ५० जना सेवाग्राहीलाई ३/३ वटा सूचक रहेका ६ वटा प्रश्न सोध्दा ३०० उत्तर खोजेका थियौं । जसमध्ये ९१ वटा राम्रो, १६६ ठीकै र नराम्रो अवस्था भन्नेमा ४३ देखिएको छ ।

राम्रो पक्ष

- कार्यालयको काममा नया प्रविधि प्रयोग भएको
- सल्लाह राम्ररी दिनुभयो
- कर्मचारीको व्यवहार पहिलेभन्दा राम्रो भेटियो

सेवाग्राहीबाट आएका सुझावहरु :

- काम छिटोछरितो हुनुपर्‍यो,
- सधैजसो कर्मचारी र हाकिमलाई कुनुपर्ने अवस्था नहोस र खाजा खाने समय छोट्याउनुपर्ने,
- कर्मचारीहरु कार्यालय समयमा यताउता नघुमी आफनो टेवलमा हुनुपर्‍यो,
- नगरपालिका, नापी, इलाका प्रशासन जस्ता कार्यालयहरु नजिकनजिक हुनुपर्‍यो,
- कर्मचारीहरुले गफ र फोनमा समय दिनुभन्दा सेवाग्राहीको कामलाई प्राथमिकता दिनु पर्‍यो,

टीकापुर नगरपालिका टीकापुर

कार्यकारी अधिकृत

- प्राविधिक शाखामा समय धेरै लाग्ने गरेकाले व्यवस्थित हुनुपर्‍यो, अमिनको संख्या बढाउनुपर्‍यो,
- एउटै कामको लागि दुई तीन पटक धाउनु नपरोस,
- योजनामा आवश्यकतानुसार नभइ पक्षपातपूर्ण व्यहार गर्ने अति आवश्यकभन्दा कम आवश्यक ठाउमा ह्यूमपाइप र माटो हालेको देखियो,
- सेवाग्राहीको महिला, पुरुष, ज्येष्ठ नागरिकको लाइन छुट्टाछुट्टै हुनुपर्‍यो
- पटकपटक भन्दा पनि फोहरमैला, खोकाठेला, छाडा पशु, कार्यालयको शौचालय व्यवस्थापन भएन

सुनुवाइ गरिएका विषयवस्तुहरु :

क) टीकापुर नगरपालिकाको सेवा/प्रवाह

ख) नगरपालिकाले संचालन गरेका योजनाको अवस्था

ग) नगरपालिकाका कर्मचारीको कार्यशैली

कार्यक्रम आयोजना स्थल :– वडा कार्यालय रामपुर

कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७२ साल फागुन ३० गते दिउसो ११:५० बजे

कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : २ घण्टा ४७ मिनेट

टीप्पणीकर्ता : पत्रकार श्री गणेश चौधरी ।

नगरपालिकाको प्रतिबद्धता :

- प्रशासनीक भवनको अभाव लगायतका कारणहरुले ब्यवस्थापन गर्न असजिलो भएका कार्यहरु व्यवस्थित गरिदै जाने ।
- विकास निर्माण लगायतका कार्यहरुमा जिम्मेवार संस्कार वसाउन आम नगरवासी, उपभोक्ता समिति सवैलाई जिम्मेवारी बोध गर्ने गराउने खालका कार्यक्रमहरु गर्ने ।
- सेवाग्राहीबाट आएका सुझावहरु सम्बोधन गर्दै जाने ।

कार्यकारी अधिकृत

टीकापुर नगरपालिका
टीकापुर, कैलाली